# सम्पादकीय

कुनै वस्तु वा सेवाको गुणस्तर भन्नु त्यस्तो वस्तु वा सेवाको विशेषता वा रुप हो जसले यसका उपयोगकर्ताहरूलाई निर्णित वा अनिर्णित आवश्यकताहरू पुरा गर्ने क्षमता राख्दछ । लेखापरीक्षण पनि आफ्ना सरोकारवालाहरूलाई प्रदान गरिने एक प्रकारको सेवा हो । लेखापरीक्षणको गुणस्तर भन्नु नै लेखापरीक्षणका नतिजाले सरोकारवालाहरूको आवश्यकता पुरा गरेको हुनु पर्दछ । वस्तु वा सेवाले गुणस्तर कायम राख्न वा वस्तु वा सेवाको उत्पादन गर्दा अनिवार्य रुपमा पालना गर्नु पर्ने विधि वा प्रक्रिया अवलम्बन गरेको हुन्छ । लेखापरीक्षणमा पनि लेखापरीक्षणको नतिजालाई सरोकारवाला मैत्री बनाउन लेखापरीक्षणका विधि वा कार्यविधि अवलम्बन गरेको हुन्छ । कुनै पनि वस्तु वा सेवा तोकिएको विधि वा कार्यविधि पालना गरी उत्पादन भए नभएको स्वतन्त्र रुपमा परीक्षण गरिनु पर्दछ । जसले उपयोगकर्तालाई वस्तु वा सेवाको गुणस्तरमा आश्वस्त पार्दछ ।

लेखापरीक्षण गर्दा पनि स्वीकृत विधि वा कार्यविधि पालना गरे नगरेको भनी लेखापरीक्षणका सरोकारवालाहरूलाई आश्वस्त पार्न लेखापरीक्षणमा संलग्न नभएको तर लेखापरीक्षण विधि तथा कार्यविधिको गहन जानकारी भएको स्वतन्त्र निकाय वा व्यक्तिबाट पुनरावलोकन हुनु पर्दछ । यस्तो स्वतन्त्र पुनरावलोकनबाट लेखापरीक्षण कार्यलाई उच्चस्तरको बनाउने, लेखापरीक्षण विधि तथा कार्य विधि एवं लेखापरीक्षकले पालना गर्नु पर्ने आचरण पालनाको अवस्था थाहा हुने, लेखापरीक्षण कार्य लागत प्रभावकारी र दक्षतापूर्वक सम्पन्न भएको, लेखापरीक्षकको क्षमतामा गर्नु पर्ने सुधार पहिचान गर्ने, लेखापरीक्षण कार्यलाई जवाफदेही बनाउने, लेखापरीक्षणमा संलग्न हुनेलाई उत्प्रेरित गर्ने, लेखापरीक्षण प्रति सरोकारवालाले राखेका गुनासाहरूलाई सम्बोधन गर्ने जस्ता लाभहरू प्राप्त हुन्छन् ।

विश्वका सबै देशहरूमा सार्वजनिक क्षेत्रका निकायहरूको स्वतन्त्ररुपमा लेखापरीक्षण गर्न विधायनद्धारा लेखापरीक्षण गर्ने संयन्त्रको स्थापना गरेको पाइन्छ । यस्ता निकायहरू सरकारका कार्यकारी निकाय वा आर्थिक कारोबारमा संलग्न निकायभन्दा स्वतन्त्र रहेका हुन्छन । यस्तो निकायका प्रमुख एवं अन्य पदाधिकारीहरू राज्य प्रमुखबाट नियुक्त हुने र आफूले सम्पादन गरेको कामको प्रतिवेदन पनि राज्य प्रमुख समक्ष पेश गर्दछन् ।

यस्ता निकायहरूले आफ्ना सरोकारवालाहरूको आवश्यकता पुरा गर्ने गरी सेवाप्रवाह गर्न आवश्यकता अनुसार मानदण्ड, मार्गदर्शन, निर्देशिका, आचार संहिता आदि स्वीकृत गरी सो अनुसार कार्य सम्पादन गर्दछन् । यस्ता निकायले प्रदान गरेका सेवाहरू गुणस्तरीय भए नभएको पुनरावलोकन गर्नु पर्ने हुन्छ । यस्ता निकायले प्रदान गरेका सेवाको गुणस्तर उचित रहेको छ भनी स्वतन्त्र निकाय वा व्यक्तिबाट पुनरावलोकन गर्नु पर्दछ तर यस्तो पुनरावलोकनमा संलग्न हुने निकाय वा व्यक्ति स्वतन्त्र हुनु पर्दछ । गुणस्तर पुनरावलोकनमा संलग्न हुने निकाय वा व्यक्ति लेखापरीक्षण गर्ने निकायको सेवाग्राही पनि हुनु हुँदैन । लेखापरीक्षणमा संलग्न हुने निकायले लेखापरीक्षण गर्दा अवलम्बन गर्नु पर्ने विधि एवं कार्यविधिहरू यस्ता निकायहरूका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरू जस्तै सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अर्न्तराष्ट्रिय संगठन (INTOSAI), सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एशियाली संगठन (ASOSAI) आदिले तोकेका छन । यस्ता विधि एवं कार्यविधि तयार गर्ने एवं सो अनुसार कार्य सम्पादन भए नभएको सम्बन्धमा पनि स्वतन्त्र रुपमा पुनरावलोकन गर्नु पर्दछ ।

नेपालको सार्वजनिक क्षेत्रको लेखापरीक्षण गर्ने सर्वोच्च लेखापरीक्षण संस्था अर्थात महालेखापरीक्षकको कार्यालय पनि अन्तराष्ट्रिय संगठनहरू जस्तै इन्टोसाई, एशोसाईको सदस्य समेत भएकाले ती संगठनहरूले स्वीकृत गरेका लेखापरीक्षणका विधि एवं कार्यविधिहरू अवलम्बन गरी लेखापरीक्षण सेवाप्रवाह गरेमा आफ्ना सरोकारवालाहरूको आवश्यकता पुरा गरेको ठहर्छ । कार्यालयले सम्पादन गरेका कार्यको स्वतन्त्र रुपमा मूल्याङ्कन गरेमा लेखापरीक्षणबाट सरोकारवालाको आवश्यकता पुरा गर्ने गरी कार्यसम्पादन भएको, प्रवाह गरेको सेवाको स्तर अन्तर्राष्ट्रिय अभ्यास अनुरुप भए नभएको पुनरावलोकन भई लेखापरीक्षण विधि एवं कार्यविधिमा गर्नु पर्ने सुधारका क्षेत्रहरू पहिचान गर्न सहयोग पुग्दछ । यसका लागि महालेखापरीक्षकको कार्यालय निरन्तर रुपमा प्रतिबद्ध रहनु आवश्यक छ ।

धन्यवाद ।

**संरक्षक**



कार्यवाहक महालेखापरीक्षक
श्री बिमला सुवेदी

**सम्पादक-मण्डल**



संयोजक
श्री देवबहादुर बोहरा



सदस्य
श्री सोमराज पोखरेल



सदस्य
श्री सुकदेव खत्री



सदस्य
श्री मोहदत्त तिमिल्सिना



कार्यकारी सम्पादक
श्री घनश्याम पराजुली



सह-सम्पादक
श्री सन्तोष सापकोटा

**बितरण व्यवस्था**
श्री उर्मिला उप्रेती, बद्रीनाथ अधिकारी

**ठेगाना** :
सम्पादक मण्डल
लेखापरीक्षण पत्रिका,
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं, नेपाल ।

**Address :**
Editorial Board
Nepalese Journal of Government Auditing
Office of the Auditor General
Babar Mahal, Kathmandu, Nepal.

शुल्कः १ प्रतिको रु.५०।–

# NEPALESE JOURNAL OF GOVERNMENT AUDITING

The objective of this journal is to highlight different aspects of auditing, financial administration of Government of Nepal, Public Sector and provide information regarding the activities of the Office of the Auditor General. Besides, it attempts to throw light on the financial management system of public enterprises.

Everybody is welcome to send in thought-provoking and research oriented articles for the journal.

The opinion expressed in this journal belongs to the personal views of the writer. They do not reflect the policies & views of the Office of the Auditor General of Nepal.

The Journal is published twice a year.

**Patron**

Acting Auditor General Ms. Bimala Subedi

**Editorial Board**

| | |
|---|---|
| Mr. Dev Bahadur Bohara | Co-ordinator |
| Mr. Som Raj Pokharel | Member |
| Mr. Sukudev Khatri | Member |
| Mr. Mohadatta Timilsina | Member |
| Mr. Ghanshyam Parajuli | Executive Editor |
| Mr. Santosh Sapkota | Co-editor |

**Distribution**

Urmila Upreti, Badrinath Adhikari

**Published by:**
Office of the Auditor General,
Babar Mahal, Kathmandu, Nepal.

**Subscription Rate**
Single Copy Rs.50/-

# लेखक एवं पाठकवर्गमा अनुरोध

१. लेखापरीक्षण पत्रिका अर्ध-वार्षिक रुपमा प्रकाशन गरिन्छ ।

२. यस पत्रिकामा लेखापरीक्षण, आर्थिक प्रशासन एवं सार्वजनिक प्रशासनसँग सम्बन्धित लेखहरू प्रकाशित गरिन्छ ।

३. पत्रिकाको लागि लेख रचना पठाउँदा ए-फोर **(A4)** साइजको कागजमा **Preeti( Font Size 14)** र **Times New Roman (Font size 12)** फन्टमा टाइप गरिएको ५ देखी ८ पृष्ठसम्मको हुनुपर्दछ ।

४. लेखकले लेखसँगै लेखको डिजिटल कपी बुझाउनु पर्नेछ ।

५. अन्यत्र प्रकाशित भैसकेका लेख रचनाहरू प्रकाशित गरिने छैन ।

६. प्रकाशित लेखका लागि तोकिएको दरमा पारिश्रमिक उपलब्ध गराइनेछ ।

७. अस्वीकृत एवं कुनै कारणवश प्रकाशन नगरिएका लेखहरू फिर्ता गरिने छैन ।

८. पत्रिकामा प्रकाशित लेखहरूमा व्यक्त विचार सम्बन्धमा सम्पूर्ण दायित्व लेखकमा नै निहित हुनेछ । जसले कार्यालयको नीति एवं कामको आधिकारीक प्रतिनिधित्व गर्ने छैन ।

९. लेखापरीक्षण कार्यलाई उपयोगी हुने लेख रचनालाई प्रकाशनमा प्राथमिकता दिइनेछ ।

१०. पत्रिकामा प्रकाशित लेख तथा अन्य विषयमा पाठक प्रतिक्रियाको स्वागत गरिनेछ ।

११. पत्रिकाका लागि लेख निम्न ठेगानामा पठाउन सकिनेछ ।

फो.नं. : ४-२६२३८१
४-२६२४१५
४-२६२६४९
फ्याक्स : ९७७-१-४-२६२७९८
इमेल : info@oagnep.gov.np
वेभ साईट : www.oagnep.gov.np
नोटिस बोर्ड सर्भिस : १६१८०१४२५३२७०

सम्पादक मण्डल
लेखापरीक्षण पत्रिका
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाण्डौ ।

मुद्रणः

# लेखापरीक्षण पत्रिका

## A NEPALESE JOURNAL OF GOVERNMENT AUDITING

वर्ष ३०　　२०६९ पौष　　पूर्णाङ्क ७६
Year 30　　2013 Jan　　No. 76

## विषय सूची



| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| | नेपाली खण्ड | | |
| १ | आर्थिक पक्षका संरचना तथा कारोवारको अनुगमन तथा मूल्याङ्कन | जनकराज गौतम | १ |
| २ | लेखापरीक्षणको प्रभावकारिता | बाबुराम गौतम | ९ |
| ३ | सार्वजनिक खरिदका समसामयिक पक्षहरू | रामचन्द्र पौडेल | १५ |
| ४ | रोजगारी आयको गणना र कर कट्टी | टीकानाथ अर्याल | २२ |
| ५ | नेपालको सन्दर्भमा लेखा र लेखाप्रणाली | सन्तोष सापकोटा | ३६ |
| ६ | नेपालमा गरिवी निवारणका सान्दर्भिक पक्षहरू | भुपेन्द्रकुमार बस्नेत | ५२ |
| ७ | विकेन्द्रीकरणको अवधारणा, यसको सार्न्दभिकता र समस्याहरू | पर्शुराम पोखरेल | ६६ |
| ८ | स्थानीय निकायको वित्त व्यवस्था | माधवकुमार वाग्ले | ७२ |
| | **English Section** | | |
| ९ | **Corporate Governance in Public Enterprises of Nepal** | **Ishwor Raj Shrestha** | ८३ |
| १० | **Role of Audit in Dealing with Fraud and Corruption** | **Ghanashyam Parajuli** | ९६ |
| ११ | **Public Expenditure and Financial Accountability (PEFA)** | **Thabaraj Adhikari** | १०८ |
| १२ | **Features of Nepalese Civil Service Act Amendment** | **Dr. Suman K Regmi** | ११६ |
| १३ | पदाधिकारी परिचय | | १२२ |
| १४ | कार्यालय गतिविधि | | १२३ |
| १५ | **Project Profile : Strengthening of the Office of the Auditor General of Nepal Project (SOAGP)** | **Baburam Gautam** | १४२ |
| | परिमार्जित लेखा ढाँचाहरू | | |
| १६ | म.ले.प.फा.नं. ५, १४ र १७ | | १५१ |

# आभार

लेखापरीक्षण पत्रिका महालेखापरीक्षकको कार्यालयको नियमित प्रकाशन हो । अर्ध वार्षिक रुपमा प्रकाशन हुँदै आएको लेखापरीक्षण पत्रिकाको ७६ औं अङ्क यहाँहरूको हातमा छ । विगतमा झै यस अङ्कमा पनि सार्वजनिक वित्त व्यवस्थापनका महत्वपूर्ण विषयहरू, लेखा, राजस्व, सरकारी लेखापरीक्षण, सार्वजनिक लेखापरीक्षणको गुणस्तरका अलावा निजामती सेवासँग सम्बन्धित रहेको अन्य सान्दर्भिक विषयहरूलाई समावेश गरिएको छ । समावेश गरिएका विषयवस्तुहरूबाट वित्त व्यवस्थापनका क्षेत्रमा संलग्न रहनेहरूका लागि कार्य सम्पादनमा एवं जिज्ञासु पाठक वर्गका लागि सहयोगी हुने आशा लिएका छौ । हाम्रो आग्रहलाई स्वीकार गरी लेख रचना पठाउनु हुने विद्वान लेखकहरू प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत सहयोग, सदभाव र सहकार्यको अपेक्षा गर्दछौं ।

मूल रुपमा ५ खण्डमा विभाजीत यस अङ्कको प्रथम खण्डमा नेपाली भाषाका लेख रचनाहरू, दोश्रो खण्डमा अग्रेंजी भाषाका लेख रचनाहरू, तेश्रो खण्डमा पदाधिकारी परिचय, चौथो खण्डमा परिमार्जित नयाँ लेखा ढाँचाहरू र अन्तिम खण्डमा आर्थिक वर्ष २०६९ आषाढपछि कार्यालयमा भएका महत्वपूर्ण गतिविधिहरूलाई प्रस्तुत गरिएको छ ।

प्रकाशित लेख तथा रचनाहरू लेखकका दृष्टिकोण, धारणा वा निजी विचार भएकोले यसले महालेखापरीक्षकको कार्यालयको प्रतिनिधित्व गर्दैन । तसर्थ लेख तथा रचना सम्वन्धमा प्रमाणको भार **(Burden of proof)** सम्वन्धित लेखकमा नै निहित रहनेछ ।

लेखकको विचार तथा पाठकको प्रतिक्रियालाई हामी उच्च मूल्याङ्कन गर्दछौ । भविष्यमा समेत उत्कृष्ट लेख रचनाका साथसाथै सुझावहरू प्राप्त भैरहनेमा विश्वस्त छौं । निरन्तरको प्रयास एवं सजगताका वाबजुद प्रकाशनमा रहन गएका कमजोरीहरूलाई आगामी अङ्कमा सुधार गर्न हामी प्रतिवद्ध छौ ।

धन्यवाद